# सर्वोच्च अदालतबाट जारी भएको प्रेस विज्ञप्ती

सर्वोच्च अदालत पूर्ण बैठकले आज मिति २०७४ श्रावण ९ गते सोमबार सर्वोच्च अदालत नियमावली, २०७४ पारित गरेको छ। यो नियमावलीले सर्वोच्च अदालत नियमावली, २०४९ लाई खारेज गरेको छ। उक्त नियमावली नेपाल राजपत्रमा सूचना प्रकाशन भएपछि लागू हुनेछ।

सर्वोच्च अदालत नियमावली, २०७४ मा अन्य व्यवस्थाहरूका अतिरिक्त देहायका नयाँ व्यवस्थाहरू समावेश गरिएका छन्,

- सर्वोच्च अदालतको नियमित कार्य समयका अतिरिक्त अन्य समयमा र अदालत बन्द रहने वा सार्बजनिक बिदाका दिनमा समेत अदालत खुला रहनेगरी वा इजलास लाग्नेगरी प्रधान न्यायाधीशले तोक्नसक्ने,
- सर्वोच्च अदालतको कार्य समय शुक्रबार अपरान्ह ४ बजेसम्म हुने,
- सर्वोच्च अदालतले आफ्नो र मातहतका अदालतका लागि विशेष चिह अंकित झण्डा र प्रतिक चिन्ह (लोगो) प्रयोग गर्न सक्ने,
- मुख्य रजिष्ट्रारको काम, कर्तव्य, अधिकारको उल्लेखन,
- सर्वोच्च अदालतले विद्युतिय माध्यमबाट लिखत दर्ता गर्ने (Online Registration) व्यवस्था गर्नसक्ने, मातहत अदालत तथा अन्य निकाय बीच सूचना प्रविधिको प्रयोग (Email, Software) बाट पत्राचार, म्याद तामेली आदि काम कारबाही गर्न गराउन सक्ने, आवश्यकता अनुसार साक्षी परीक्षण र विशेषज्ञको बयान श्रव्यदृश्य संवाद ( Audio Visual or Video Conferencing) को माध्यमबाट गर्न सक्ने,
- सार्वजनिक सरोकारका निवेदनको कारवाही प्रक्रियामा निवेदकले अदालतलाई आवश्यक सहयोग गर्नुपर्ने,
- कसैले मुद्दा दायर गरेको कारण कसैलाई पर्न गएको थप आर्थिक व्ययभार वा मुद्दामा लागेको खर्च भराउन अदालतले आदेश दिनसक्ने,
- कुनै मुद्दाको रोहबाट निरुपण भई सकेको विषयमा सो अनुरुपगरिपाऊँ भनी परेका निवेदनमा मुख्य रजिष्ट्रारले नै आदेश गर्नसक्ने,
- मुद्दाका पक्षहरूलाई मुद्दाको कारवाहीको समय तालिका उपलब्ध गराउने,
- मुद्दा पेशी सुचीको प्राथमिकताक्रम परिमार्जन,

- इजलासले बहसपूर्व छलफल हुने मुख्य मुद्दाहरू निर्धारण गर्ने,
- साधक जाँचका लागि पेशभएका, विपक्षीलाई झिकाई फैसला भएका मुद्दा लगायत कतिपय मुद्दाका फैसलाको ढाँचामा सरलिकरण,
- फैसलाको संक्षिप्त जानकारी तत्काल उपलब्ध गराउनु पर्ने व्यवस्था.

प्रस्तुत नियमावली कार्यान्वयनमा आएपछि अदालतको सेवाप्रवाहमा गुणात्मक रुपमा सुधार भई न्यायसम्पादन कार्यमा प्रभावकारिता आउनेर यसबाट सेवाग्राही, कानून व्यवसायी तथा न्यायक्षेत्रका सरोकारवालाहरू समेत लाभान्वित हुने विश्वास सर्वोच्च अदालतले गरेको छ।

२०७५।३।१२

महेन्द्रनाथ उपाध्याय

प्रवक्ता